FINAL

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN)

गाउं विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्ने निर्देशिका

(पहाडी गाविसहरुको लागि)

तयार गरिएको मिति	सेप्टेम्बर २०१४
तयार गर्ने	परियोजना सहयोग इकाइ, पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना पोखरा
तयार गर्नुको उद्देश्य	जिल्ला विकास समिति अन्तर्गत जिल्ला वाश एकाइहरुले मार्गदर्शनको रुपमा प्रयोग गर्नको लागि
वितरण गर्न सकिने	गाविस, सहयोगी व्यक्तिहरु, वास एकाइ लगायत सवै सरोकारवालाहरु

विषय सूची

पृष्ठभूमि

उद्देश्य

समयावधि

लागत

जनशक्ति व्यवस्थापन

वाश योजना अद्यावधिक गर्ने चरणवद्ध कार्यपद्धति

गाविसस्तरीय वाश योजना अद्यावधिक गर्ने खुट्किलाहरु सम्पन्न गर्ने प्रकृया

संलग्न

खण्ड क : अनुसूचीहरु

१. वाश योजना अद्यावधिक सम्बन्धी सहजकर्ताहरुको तालिम

२. गाविस स्तरीय वाश योजना अद्यावधिक कार्यशाला

३. वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला

४. गाविस स्तरीय योजना तर्जुमा कार्यशाला

५. अद्यावधिक गाविस वाश योजना प्रतिवेदनको विषय सूची

६. वाश योजना अद्यावधिकको अधिकतम लागत

खण्ड ख : वाश योजना अद्यावधिक गर्ने प्रश्नावली तथा फारामहरु

१. गाविसको समग्र वाश वस्तुस्थिति संकलन फाराम

२. उप स्वास्थ्य चौकी स्तरको तथ्यांङ्क

३. घरधुरी तथा जातीय समुदाय सम्बन्धी तथ्याङ्क

४. खानेपानीको उपयोग सम्बन्धी तथ्याङ्क

५. सुविधास्तर निर्धारण फाराम

६. पूर्ण सरसफाइका सूचकहरुको अवस्था सम्बन्धी फाराम

७. बिद्यमान खानेपानी योजनाहरुको सूचना सम्बन्धि सारांस

८. निर्माणधिन खानेपानी योजनाहरुको बिस्तृत विवरण फारम

९. प्रकोप तथा जोखीम न्युनीकरण र जलबायू परिर्वतन अनूकूलन

१०.गाविस स्तरिय तर्जूमा गरिएका खानेपानी योजनाहरुको सूची

११.गाविस स्तरिय अन्य प्रस्तावित योजनाहरु

गाउँ विकास समितिस्तरीय खानेपानी तथा सरसफाइ योजना अद्यावधिक गर्ने निर्देशिका

पृष्ठभूमि

नेपाल सरकारको सन २०१७ सम्ममा सवैलाई खानेपानी र सरसफाइ सुविधा पुर्‍याउने लक्ष्य हासिल गर्ने दिशामा सहयोग गर्दै स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका वीच पश्चिम नेपालका विभिन्न नौ वटा जिल्लाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता भए वमोजिम पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।

यस सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र वाशको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पुग्दछ, जसले स्थानीय सरकारको वाश योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई विकास गरी सन् २०१७ को नेपाल सरकारको लक्ष्य पुरा गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अंगीकार गरी परियोजनाको पहिलो चरणमा विभिन्न ५२ वटा गाविसको गाउंस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता योजना र दुइवटा नगरपालिकाका वडाहरुको वडास्तरीय योजना तर्जुमामा सहयोग गरिएको थियो ।

यस परिप्रेक्ष्यमा वाश योजनामा तर्जुमा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि परियोजनाले पहिलो चरणमा पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गरायो जसको फलस्वरुप: खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उक्त गाविसहरुमा आमूल परिवर्तन भएको छ ।

परियोजनाको दोस्रो चरणको परियोजना दस्तावेजले वास्तविक रुपमा सेवाविहीन, जसले हालसम्म खानेपानी कार्यक्रमको लागि कुनै पनि बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग केन्द्रीत गर्ने निर्देश गरे वमोजिम परियोजनाको सहयोग विस्तारको लागि थप दुर्गम तथा सेवाविहीन गाविसहरु छनौट गरी सोहि वमोजिमको योजना तर्जुमा गरी सहयोग गर्ने भन्ने उल्लेख भएको छ । यसका साथै परियोजनाको पहिलो चरण सम्पन्न भएका गाविसहरुवाट क्रमश: परियोजनाको सहयोगको बहिर्गमन गर्दै जानको लागि समेत उक्त गाविसहरुको हालको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति अद्यावधिक गर्नु आवश्यक हुन जान्छ ।

यसका साथै परियोजनाको बहिर्गमन पश्चात समेत गाविसले सेवा पुग्न बांकी रहेका क्षेत्रमा अतिरिक्त स्रोतको खोजी गरी वा आफ्नै स्रोत परिचालन गर्न समेत अद्यावधिक वाश योजनाको आवश्यकता पर्ने भएकोले समेत पहिलो चरणमा वाश योजना तर्जुमा भएका सवै गाविसहरुमा वाश योजना अद्यावधिक गर्नु वाञ्छनीय देखिएकोले वाश योजना अद्यावधिक कार्यमा सहजीकरण गर्ने जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय जस अन्तर्गतको जिल्ला वाश एकाइ र गाउं विकास समिति समेतलाई उक्त कार्यको लागि सहयोगी दस्तावेजको रुपमा यो गाउं विकास समितिस्तरीय खानेपानी तथा सरसफाइ योजना अद्यावधिक गर्ने निर्देशिका (VWASH Plan Updating Guidelines) तर्जुमा गरिएको छ । वाश योजना अद्यावधिक कार्यको लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापहरुको विषयवस्तु यसै निर्देशिकाको अनुसूचीमा र तथ्यांक संकलन गर्ने फारमहरु खण्ड ख मा दिइएको छ ।

उद्देश्य

गाउंस्तरीय वाश योजना अद्यावधिक कार्यको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो सिमाक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यबस्थित र दीगो प्रतिफल दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास

योजना तयार गरी सोही योजना अन्तरगतका आयोजनाहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्न निर्देशित गरे वमोजिम गाविसको वाश आवधिक योजना अद्यावधिक गर्ने कार्यमा क्षमता विकास गर्नु रहेको छ ।

यसका अतिरिक्त यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन् ।

- गाउं विकास समितिको खानेपानी, सरसफाई तथा स्वच्छताको वर्तमान अवस्थाको विष्लेशण गरी सवैका लागि खानेपानी र सरसफाइ सुविधा उपलव्ध गराउन अव आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,
- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमीकीकरण गर्ने र सोहि वमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तन वाट वाश क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान तथा तर्जुमा गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

समयावधि

गाउस्तरीय वाश योजना अद्यावधिक कार्यको लागि निम्न वमोजिमको अधिकतम समयअवधि लाग्ने अनुमान गरिएको छ । गाविसको क्षेत्र तथा वस्तीहरुको आधारमा सो भन्दा कम समयमा समेत यो कार्य सम्पन्न हुन सक्छ ।

क्र.सं	क्रियाकलापको नाम	लाग्ने अधिकतम अवधि	कैफियत
१	सहजकर्ताको तालिम तथा विद्यमान वाश योजनाको डेस्क अध्ययन कार्य	७ दिन	जिल्लास्तरमा गरिने
२	गाविसस्तरीय अद्यावधिक कार्यशाला	१ दिन	गाविसस्तरमा गरिने
३	वडास्तरीय कार्यको लागि तयारी	३ दिन	गाविसस्तरमा गरिने
४	वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला	९ दिन	वडास्तरमा गरिने
५	तथ्यांकको प्रारम्भिक विष्लेशण तथा योजना तर्जुमा पूर्व तयारी	८ दिन	गाविसस्तरमा गरिने
६	गाविसस्तरीय योजना तर्जुमा कार्यशाला	२ दिन	गाविसस्तरमा गरिने
७	प्रतिवेदन लेखन	१० दिन	जिल्लास्तरमा गरिने
	जम्मा	४० दिन	

उपरोक्त क्रियकलापहरुमध्ये सहजकर्ताको तालिम र प्रतिवेदन लेखन कार्यको संयोजन तथा व्यवस्थापन जिल्ला विकास समितिले गर्नेछ भने बांकी क्रियकलापहरु सहजकर्ताको सहयोगमा गाउ विकास समिति/VWASHCC र वडा नागरिक मञ्चले आयोजना गर्नेछन् ।

समग्र अद्यावधिक कार्यको अगुवाईको कार्य गाविसले गर्नेछ जसको लागि गाविसलाई आवश्यक सहयोग गर्न जिल्ला विकास समितिले एकजना सामाजिक र एकजना प्राविधिक कर्मचारी उपलव्ध गराउनेछ ।

लागत

एउटा गाविसको वाश योजना अद्यावधिक कार्यको कुल लागत अधिकतम रु. ११३,७०० हुनेछ । यसका अतिरिक्त रु. ६०,२०० सहजकर्ताहरुको तालिमको लागि आवश्यक पर्नेछ । उक्त तालिममा सवै गाविसमा सहजीकरण गर्ने सहजकर्ता र गाविस सचिव सहभागि हुनेछन् । वाश योजना अद्यावधिक कार्यको लागतको सारांश तल दिइएको छ । विस्तृत विवरण अनुसूची ७ मा हेर्नुहोला ।

क्र.सं.	विवरण	अधिकतम लागत (रु.)	कैफियत
१	सहजकर्ताहरुको तालिम	६०,२००	सवै गाविसको लागि
एक गाविसको अधिकतम लागत			
२	जनशक्ति लागत	४४,०००	अतिरिक्त सेवा प्रदायक परिचालन गर्दाको हकमा मात्र
३	गाउस्तरीय गोष्ठीहरु	४४,७००	
४	प्रश्नावली, स्टेशनरी आदि	५,०००	
५	वाश योजना लेखन	२०,०००	एक प्रति प्रीन्ट सहित
	एक गाविसको जम्मा	११३,७००	

जनशक्ति व्यवस्थापन

जिविस र गाविसले अद्यावधिक कार्यको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्नेछन् । जिविसले फिल्ड कार्यको लागि आवश्यक पर्ने दुइजना कर्मचारी उपलव्ध गराउनेछ भने गाविसले गाविसका कर्मचारी तथा गाविस सचिवलाई आवश्यक कामको लागि खटाउनेछ । गाविसको तर्फवाट खटीने कर्मचारीहरुको अतिरिक्त खर्च लाग्ने भएमा सो गाविसले नै व्यहोर्नेछ । जिविसले अद्यावधिक वाश योजना प्रतिवेदन लेखन कार्यको लागि अलग्गै जनशक्ति व्यवस्थापन गरी काम सम्पन्न गर्नेछ । जिविसले फिल्डमा सहजीकरण गर्ने कर्मचारी व्यवस्था गर्दा निम्न मध्ये एक पद्धति अपनाउनेछ ।

१. वाश एकाइमा कार्यरत रहेका विद्यमान कर्मचारीहरुलाई नै उक्त कार्यमा खटाउने,
२. कार्यरत कर्मचारीले नभ्याउने भएमा अल्पकालिन सेवा प्रदायकको रुपमा अतिरिक्त जनशक्ति काममा लगाउने,
३. जिविसमा सूचिकृत भएका गैरसरकारी संस्थाहरुवाट कर्मचारी लिई काममा लगाउने,

उपरोक्त विकल्प १ वमोजिम जनशक्ति व्यवस्था भएमा यस उक्त जनशक्तिको लागि न्यूनतम अतिरिक्त भत्ता मात्र उपलव्ध गराइनेछ । जसले गर्दा माथि उल्लेखित लागत स्वतः कम हुन जान्छ ।

वाश योजना अद्यावधिक गर्ने चरणवद्ध कार्यपद्धति



गाविसस्तरीय वाश योजना अद्यावधिक गर्ने खुट्किलाहरु सम्पन्न गर्ने प्रकृया

खुट्किला नं. १ : सहजकर्ताहरुको तालिम

अवधि : २ दिन

जिम्मेवार निकाय : जिविस

कार्यान्वयन गर्ने प्रकृया :

वाश योजना अद्यावधिक गर्न फिल्ड कार्यको लागि एउटा गाविसमा एकजना सामाजिक र एकजना प्राविधिक कर्मचारीको आवश्यकता पर्दछ । सामाजिक कार्यको लागि फिल्ड संयोजक वा अगुवा वाश सहजकर्तालाई खटाउन सकिन्छ भने प्राविधिकको हकमा सव इन्जिनियर वा सहायक सब इन्जिनियर/खानेपानी सहायक प्राविधिकलाई खटाइन्छ। उक्त फिल्डमा खटिई जाने दुइजना र गाविस सचिव गरी एक गाविसवाट जम्मा तीन जना व्यक्तिहरुलाई जिविसले दुइदिनको वाश योजना अद्यावधिक तालिम उपलव्ध गराउनेछ। उक्त तालिमको विषयवस्तु अनुसूची १ मा दिइएको छ ।

खुट्किला नं. २ : विद्यमान वाश योजनाको अध्ययन

अवधि : ५ दिन

जिम्मेवार निकाय : वाश एकाइ/सहजकर्ताहरु

कार्यान्वयन गर्ने प्रकृया :

फिल्डमा खटीइ जाने सहजकर्ताहरुले सम्बन्धित गाविसको वाश योजनाको अग्रीम रुपमा अध्ययन गरी प्रश्नावलीमा उल्लेख गरिएका विवरणहरु उतारी लैजानुपर्दछ । जसले गर्दा गाविसको तत्कालिन वस्तुस्थिति थाहा हुन्छ र काम गर्न सहज हुन जान्छ । यसका साथै जिविसवाट सहजकर्ताहरुले वाश योजना तर्जुमा भए पश्चात कार्यान्वयन भएका वाश क्रियाकलापहरु तथा सरसफाइ सम्बन्धी विवरणहरु संकलन गरी फिल्डमा लगी जांच गर्नुपर्दछ ।

खुट्किला नं. ३ : गाविसस्तरीय वाश योजना अद्यावधिक कार्यशाला

अवधि : १ दिन

जिम्मेवार निकाय : गाविस सचिव र सहजकर्ताहरु

कार्यान्वयन गर्ने प्रकृया :

सहजकर्ताको तालिम पश्चात गाविसमा VWASHCC का सवै सादस्य तथा सल्लाहकारहरु एवं गाविसमा सक्रिय रहेका राजनैतिक दलका एक एक जना प्रतिनिधिहरु सहितको गाविसस्तरीय वाश योजना अद्यावधिक कार्यशाला सञ्चालन गरिन्छ । उक्त कार्यशालामा विगतमा तर्जुमा गरिएको वाश योजनाका विषयवस्तुहरुमाथि समिक्षा गरिन्छ। र वाश योजना तर्जुमा भएदेखि हालसम्मको खानेपानी तथा सरसफाई क्षेत्रमा भएको परिवर्तनको विष्लेशण गरिन्छ। यस कार्यशालामा विद्यमान वाश योजनामा उल्लेख भएको वस्तुस्थितिको आधारमा गाविसको एउटा नक्शा बनाइन्छ जसमा गाविस तथा वडा सिमाना, वस्तीहरु एवं तिनको घरसंख्या, विद्यालय तथा संघसंस्था, खोला खोल्सा बाटो आदि उल्लेख गरिन्छ। यसपश्चात विद्यमान वाश योजना वमोजिम खानेपानी तथा सरसफाई को अवस्था उल्लेख गरिन्छ। जसमा मुख्यतः निम्न वमोजिमका कुराहरु नक्शामा उल्लेख गर्नुपर्दछ। उक्त गाविसको विद्यमान वाश योजना नै यसमा छलफलको मूल विषय भएकोले सहजकर्ताहरुले उक्त वाश योजनामा भएका विवरणहरु पहिला नै राम्रो संग अध्ययन गर्नुपर्दछ।

१. खानेपानी योजनाहरु तथा तिनले लाभान्वित गरेको घरसंख्या

२. संघसंस्थाहरु तथा तिनमा भएको शौचालयको अवस्था

३. सेवा नपुगेका वा प्रस्ताव गरिएका घरसंख्या

तत्कालिन अवस्थाको नक्शांकन भै सकेपछि वाश योजना तर्जुमा भए पश्चात निर्माण भएका योजनाहरुको विवरण समेत छलफल गरी नक्शामा उल्लेख गर्दै जानुपर्दछ। यसरी उल्लेख गर्दा हरेक टोल वस्तीमा खानेपानीको सुविधा प्राप्त गरेका घरसंख्या, प्राप्त गर्न बांकी घरसंख्याको विवरण तथ्यांक फाराममा टिप्दै जानुपर्दछ। यसरी छलफल गर्दा पहिला एउटा वडा र टोलबाट शुरु गरी क्रमशः अर्को वडा वा टोलको वारेमा छलफल गर्दै जानुपर्दछ। यसका साथै विद्यालय वा संघसंस्थाहरुको विवरण समेत अद्यावधिक गरी जानकारी टिप्दै जानुपर्दछ। कार्यशालाको विषयवस्तु अनुसूची २ मा दिइएको छ। यस कार्यशालामा भर्नुपर्ने विवरणहरुको लागि प्रश्नावली फाराम नं. १ मा दिइएको छ ।

खुट्किला नं. ४ : वडास्तरीय तथ्यांक संकलन तथा अद्यावधिक कार्यशाला

अवधि : एउटा वडामा एक दिनका दरले जम्मा ९ दिन

जिम्मेवार निकाय : वडा नागरिक मञ्च र सहजकर्ताहरु

कार्यान्वयन गर्ने प्रकृया :

गाविसस्तरीय कार्यशाला सम्पन्न भएपछि वडास्तरीय कार्यशाला आयोजना गरिन्छ । उक्त कार्यशालामा वडा नागरिक मञ्चका अतिरिक्त उक्त वडावाट VWASHCC मा प्रतिनिधित्व गर्ने सदस्यहरु अनिवार्य रुपमा सहभागि हुनुपर्दछ । यस कार्यशालामा निम्न वमोजिमका जानकारीहरुलाई विद्यमान वाश योजनामा भएका विवरणहरुसंग तुलना गरी अद्यावधिक गर्ने काम गरिन्छ । जस अन्तर्गत निम्न तथ्यांकहरुको तुलना गर्नुपर्दछ ।

१. वडाका टोलहरुमा रहेका जातीय समुदाय वमोजिमको घरधुरी विवरण फाराम ३
२. वडाको खानेपानीको अवस्था : गाविस स्तरीय कार्यशालामा भएको नक्शांकनलाई आधार बनाई छलफल गर्ने र वडामा रहेका जम्मा घरधुरी जसमध्ये खानेपानी प्राप्त गरेका घरधुरी, प्राप्त नगरेका घरधुरीहरु स्पष्ट छुट्टीने गरी तथ्यांक संकलन गर्ने, फाराम ४ र ५
३. वडामा भएका विद्यालयहरुमा भएका शौचालयहरुको अवस्था, तिनको प्रयोग तथा पानीको अवस्था फाराम १
४. वडाका घरधुरीमा भएको घरेलु शौचालय, तिनको प्रकार र प्रयोगको अवस्था फाराम १
५. पूर्ण सरसफाइका सूचकहरुको पूर्णताको अवस्था फाराम ६
६. विद्यमान खानेपानीका योजनाहरुको वस्तुस्थिति विवरण संकलन फाराम ७
७. जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्यूनीकरणका विषयमा जानकारीहरु लिने फाराम ९
८. हालसम्म सेवा पुग्न नसकेका घरधुरीहरुको लागि सम्भाव्य योजनाहरुको वारेमा छलफल गरी फाराम भर्ने फाराम १० । यस कार्यशालाको विवरण अनुसूची ३ मा दिइएको छ ।

खुट्किला नं. ५ : सूचनाहरुको प्रारम्भिक विष्लेशण तथा गाविसस्तरीय योजना तर्जुमा कार्यशालाको लागि तयारी

अवधि : ७ दिन

जिम्मेवार निकाय : गाविस/सहजकर्ताहरु

कार्यान्वयन गर्ने प्रकृया :

सवै वडाहरुको कार्यशाला सम्पन्न भएपछि सहजकर्ताहरुले निम्न अनुसारको तथ्यांक विवरण तयार गर्नेछन् र उक्त विवरण गाविसस्तरीय कार्यशालामा प्रस्तुतीका लागि आवश्यक प्रवन्ध मिलाउनेछन् ।

१. घरधुरी तथा जातीय विवरणको तुलनात्मक अवस्था
२. प्राथमीक स्रोतको रुपमा पानी उपभोग गर्ने स्रोतको तुलनात्मक अवस्था : सेवाविहीनहरुको विवरण
३. खानेपानीको सुविधास्तरको तुलनात्मक अवस्था
४. खानेपानी योजनाहरुको सञ्चालन अवस्था
५. घरेलु शौचालयको अवस्था र संस्थागत शौचालयहरुको अवस्था
६. वडास्तरमा पहिचान भएका वाशसंग सम्बन्धित योजनाहरुको विवरण
७. पूर्ण सरसफाइका सूचकहरुको अवस्था
८. जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्यूनीकरणका सम्भावित क्रियाकलापहरुको अवस्था

खुट्किला नं. ६ : गाविसस्तरीय योजना तर्जुमा कार्यशाला

अवधि : २ दिन

जिम्मेवार निकाय : गाविस/वाश एकाइ/सहजकर्ताहरु

कार्यान्वयन गर्ने प्रकृया :

गाविस स्तरीय योजना तर्जुमा कार्यशालामा उपरोक्त खुट्किला ५ वमोजिम प्राप्त हुन आएका विवरणहरु प्रस्तुती र छलफल गर्दै गाविसमा अव गर्नुपर्ने वाश क्रियाकलापहरुको गाविसस्तरको योजनाहरुको क्षेत्रगत तथा समग्र प्राथमीकता सूची तयार गर्ने, उक्त प्राथमीकता वमोजिम एक वर्षे र पांच वर्षे कार्ययोजना समेत तयार गर्ने, जलवायु परिवर्तन अनुकुलन तथा जोखिम विपद न्यूनिकरणको नक्शांकन गरी योजना तर्जुमा गरिनेछ । यसका साथै यसै कार्यशालामा गाविसस्तरीय पूर्ण सरसफाइको रणनैतिक योजनालाई अन्तिम रुप समेत दिइनेछ । रणनैतिक योजनाको नमूना अनुसूची ६ मा दिइएको छ । योजनाहरु तर्जुमा भैसकेपछि फाराम १० र ११ मा भर्नुपर्दछ ।

खुट्किला नं. ७ : मस्यौदा वाश योजना प्रतिवेदन तयारी अवधि : १० दिन जिम्मेवार निकाय : जिविस कार्यान्वयन गर्ने प्रकृया : गाविस स्तरीय योजना तर्जुमा भैसकेपछि संकलित तथ्यांकहरुलाई विष्लेषण गरी मस्यौदा वाश योजना जिल्लास्तरमा तयार गरिनेछ । उक्त प्रतिवेदन तयारीको नेतृत्व जिविसले गर्नेछ र यसको लागि आवश्यक सहयोग परियोजनाले गर्नेछ । अद्यावधिक वाश योजनाको विषय सूची अनुसूची ५ मा दिइएको छ ।
खुट्किला नं. ८ : गाउं परिषद्बाट स्वीकृती जिम्मेवार निकाय : गाविस कार्यान्वयन गर्ने प्रकृया : मस्यौदा वाश योजना तयार भैसकेपछि गाविसमा मस्यौदा वाश योजना प्रस्तुत गरिनेछ र वाश योजनामा भएका तथ्यांकहरु र तर्जुमा भएका योजनाहरुको चेकजांच गरी पारित गराइनेछ । यसैको आधारमा वाश योजनालाई अन्तिम रुप दिइनेछ र सो को प्रति गाविसमा रहनेछ । गाउं परिषदवाट गाविसले उक्त वाश योजनालाई स्वीकृत गरी अनुमोदनको लागि जिविसमा पठाउनेछ ।
खुट्किला नं. ९ : जिल्ला परिषदवाट वाश योजनाको अनुमोदन जिम्मेवार निकाय : जिविस कार्यान्वयन गर्ने प्रकृया : जिल्ला परिषदमा गाविसको सिफारिस वमोजिम वाश योजना अनुमोदन हुनेछ ।
खुट्किला नं. १० : वाश योजना कार्यान्वयन अवधि : निरन्तर जिम्मेवार निकाय : भिवाससीसी र गाविस कार्यान्वयन गर्ने प्रकृया : वाश योजनामा तर्जुमा भएका योजनाहरु विभिन्न दातृ निकायहरुको सहयोगमा कार्यान्वयन गर्नको लागि गाविस र VWASHCC ले स्रोतको खोजी गरी कार्यान्वयन गर्नेछन् ।
खुट्किला नं. ११ : वाश योजना परिचालन तथा बजारीकरण अवधि : निरन्तर जिम्मेवार निकाय : भिवाससीसी र गाविस कार्यान्वयन गर्ने प्रकृया : हरेक वर्ष VWASHCC ले गाउं परिषद भन्दा अगावै बैठक वसी वाश योजना कार्यान्वयन स्थितिको समीक्षा गर्नेछ र कार्यान्वयन भैसकेका योजनाहरुलाई प्राथमीकता सूचीवाट हटाई क्रममा आएका योजनाहरुलाई प्राथमीकता सूचीमा राख्नेछ । वाश योजनाको कार्यान्वयनको लागि गाविस तथा जिविसले विभिन्न जिल्लास्तरीय, क्षेत्रीय तथा राष्टियस्तरमा वाश योजनाको परिचालन गर्नेछन् ।
खुट्किला नं. १२ : वाश योजना अद्यावधिक गर्ने जिम्मेवार निकाय : वाश एकाइ/सहजकर्ताहरु कार्यान्वयन गर्ने प्रकृया : हरेक पांच पांच वर्षमा वाश योजनाको अद्यावधिक गाविसले गर्नेछ ।

ooo

वाश योजना अद्यावधिक सम्बन्धी सहजकर्ताहरुको तालिम

परिचय :

जिल्ला विकास समितिले वाश योजना अद्यावधिक गर्ने कार्यको लागि एक जना सामाजिक तथा एक जना प्राविधिक कर्मचारी छनौट गर्नेछ। यस्तो सहजकर्ता विद्यमान कार्यरत सहयोगी व्यक्तिहरु मध्येवाट वा अल्पकालिन सेवा प्रदायकको रुपमा अलग्गै करार सम्झौता गरिएको वा गैर सरकारी संस्थाहरुवाट सम्झौता गरी लिइएका निर्धारित योग्यता र अनुभव पुगेका व्यक्तिहरु समेत हुनसक्छन्। वाश योजना अद्यावधिक कार्यको फिल्ड कार्य आरम्भ हुनुपूर्व यो तालिम आयोजना गरिन्छ। यस तालिममा विद्यमान वाश योजनामा भएका विषयवस्तुहरु तथा वाश योजना अद्यावधिकको लागि गर्नुपर्ने कार्यहरु तिनको तरिका तथा विषयवस्तुको वारेमा विस्तुत छलफल गरी फिल्ड अभ्यास समेत गरिन्छ। तालिमको अन्त्यमा सहभागिहरुले आफूले सम्पन्न गर्नुपर्ने कार्यको कार्ययोजना तयार गर्नेछन्। यो तालिम एउटा जिल्लामा एक पटक आयोजना गरिन्छ।

अवधि : २ दिन

सहभागि : दुईजना फिल्ड कर्मचारी र एक जना गाविस सचिव वा सहायक गरी एक गाविसवाट तीन जना

आयोजक : जिल्ला विकास समिति

श्रोत व्यक्ति : जिविस तथा वाश एकाइका कर्मचारीहरु र आवश्यकता अनुसार परियोजनाका सहजकर्ताहरु

उद्देश्य एवं अपेक्षा :
यस तालिमको उद्देश्य फिल्डमा खटीइ जाने सहजकर्ताहरुलाई वाश योजनाको वारेमा जानकारी गराई गाविसमा गई वाश योजना अद्यावधिक गर्न सक्ने बनाउनु हो। यसका साथै यसमा सहभागि गाविस सचिवले वाश योजनाको वारेमा जानकारी प्राप्त गरी सो कार्यको अनुगमन तथा आवश्यक सहयोग गर्न सक्षम हुनेछन् भन्ने अपेक्षा जिविसले लिएको छ।

तालीमको विधि : प्रस्तुतीकरण, छलफल, फिल्ड अभ्यास, समूह कार्य

आवश्यक सामाग्रीहरु :

- परियोजना सञ्चालित सवै गाविसहरुको विद्यमान वाश योजना,
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविसहरुमा सञ्चालन भएका खानेपानी योजनाहरुको विस्तृत विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविसहरुमा सञ्चालन भएका सरसफाइ कार्यक्रमहरुको विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविसहरुमा निर्माण भएका सार्वजनीक तथा संस्थागत शौचालयहरुको विवरण
- पानीका स्रोतहरु मापन गरिएको तथ्यांक
- अन्य नियमित कक्षा सामाग्री एवं सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरु

तालिमको विषयवस्तुहरु

पहिलो दिन			
सत्र	विषयवस्तु	समय	पद्धति
पहिलो	शुभारम्भ ● परिचय, ● पूर्व परिक्षा ● अपेक्षा संकलन ● उद्देश्य	३० मिनेट	आफै वा खेल विधि लिखित प्रश्नावली भर्ने मेटा कार्ड व्याख्यान
दोस्रो	गाविसस्तरीय वाश योजनाको परिचयः ● पृष्ठभूमी ● वाश योजनामा भएका विषयवस्तुहरु ● अद्यावधिक गर्नुको आवश्यकता ● अद्यावधिक गर्नुपर्ने विषयवस्तुहरु	१ घण्टा	व्याख्यान विधि
तेस्रो	वाश योजना अद्यावधिकका खुट्किला तथा प्रकृया	२ घण्टा	व्याख्यान तथा छलफल
चौथो	तथ्यांक संकलन फारामहरु (१ देखि १० सम्म)	३ घण्टा	प्रश्नावली माथि छलफल समूह कार्य
दोस्रो दिन			
पहिलो	अघिल्लो दिनको समीक्षा तथा तथ्यांक संकलन फारामहरु भर्ने तरिकाको वारेमा छलफलको निरन्तरता	१ घण्टा	समूहको प्रस्तुती तथा छलफल
दोस्रो	फिल्ड अभ्यास कुनै एक गाविसमा गाविसस्तरीय गोष्ठीको आयोजना गर्ने	५ घण्टा	परियोजना सञ्चालित कुनै एक गाविसमा गई VWASHCC संग गाविसस्तरीय कार्यशाला सञ्चालन गर्ने,
तेस्रो	फिल्ड अभ्यासवाट भएको सिकाईको वारेमा छलफल तथा निष्कर्श	१ घण्टा	प्रस्तुती तथा छलफल
चौथो	फिल्डको कार्ययोजना तयारी मूल्यांकन समापन	१ घण्टा	निर्धारित ढांचामा कार्ययोजना तयारी लिखित प्रश्नावली

गाविस स्तरीय वाश योजना अद्यावधिक कार्यशाला

परिचय :

सहजकर्ताको तालिम पश्चात गाविसमा VWASHCC का सबै सदस्य तथा सल्लाहकारहरु एवं गाविसमा सक्रिय रहेका राजनैतिक दलका एक एक जना प्रतिनिधिहरु सहितको गाविसस्तरीय वाश योजना अद्यावधिक कार्यशाला सञ्चालन गरिन्छ । उक्त कार्यशालामा विगतमा तर्जुमा गरिएको वाश योजनाका विषयवस्तुहरुमाथि समिक्षा गरिन्छ । र वाश योजना तर्जुमा भएदेखि हालसम्मको खानेपानी तथा सरसफाई क्षेत्रमा भएको परिवर्तनको विष्लेशण गरिन्छ ।

यस कार्यशालामा विद्यमान वाश योजनामा उल्लेख भएको वस्तुस्थितिको आधारमा गाविसको एउटा नक्शा बनाइन्छ जसमा गाविस तथा वडा सिमाना, वस्तीहरु एवं तिनको घरसंख्या, विद्यालय तथा संघसंस्था, खोला खोल्सा बाटो आदि उल्लेख गरिन्छ । यसपश्चात विद्यमान वाश योजना वमोजिम खानेपानी तथा सरसफाई को अवस्था उल्लेख गरिन्छ । यसको माध्यमवाट गाविसमा वाश योजना तर्जुमा भए पश्चातका गाविसमा वाशको क्षेत्रमा आएको सकारात्मक परिवर्तनको लेखाजोखा भै वडास्तरमा तथ्यांक संकलन गर्ने कार्यमा सहजता प्रदान गर्दछ । यसका साथै गाविस स्तरवाट लिइने तथ्यांकहरु समेत अद्यावधिक यसै कार्यशालामा गरिन्छ ।

अवधि : १ दिन

सहभागि : गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरु, सल्लाहकारहरु तथा गाविसमा सक्रिय राजनैतिक दलका गाविसस्तरीय प्रतिनिधिहरु

आयोजक : गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति/गाउं विकास समिति

श्रोत व्यक्ति : फिल्ड संयोजक, सव इन्जिनियर वा सहायक सब इन्जिनियर तथा गाविस सचिव (अनिवार्य)

उद्देश्य एवं अपेक्षा :
यस कार्यशाला मार्फत गाविसको वाश योजनामा भएका तथ्यांकहरुको जांच गरी गाविसको खानेपानी तथा सरसफाईको वर्तमान अवस्थाको विष्लेशण गरिन्छ । यसले गाविसका विभिन्न वडा तथा वस्तीहरुको अवस्थाको समग्र जानकारी दिनुका साथै वडास्तरमा कार्यशालाहरु सञ्चालन गर्नको लागि सहजता प्रदान गर्दछ ।

विधि : प्रस्तुतीकरण, छलफल, नक्शांकन

आवश्यक सामाग्रीहरु :

- गाविसको विद्यमान वाश योजना तथा नक्शाहरु
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविस मा सञ्चालन भएका खानेपानी योजनाहरुको विस्तृत विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविस मा सञ्चालन भएका सरसफाइ कार्यक्रमहरुको विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविस मा निर्माण भएका सार्वजनीक तथा संस्थागत शौचालयहरुको विवरण
- पानीका स्रोतहरु मापन गरिएको तथ्यांक
- अन्य नियमित कक्षा सामाग्री एवं सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरु

कार्यशालाका विषयवस्तुहरु

पहिलो दिन			
सत्र	विषयवस्तु	समय	पद्धति
पहिलो	शुभारम्भ ● परिचय, ● उद्देश्य	३० मिनेट	आफै व्याख्यान
दोस्रो	विद्यमान वाश योजनाको प्रस्तुतीकरण ● घरधुरी तथा जनसंख्या ● खानेपानीको तत्कालिन अवस्था ● सरसफाईको तत्कालिन अवस्था ● वाश योजनामा प्राथमीकीकरण भएका योजनाहरु ● परियोजनाको सहयोगमा निर्माण भएका योजनाहरुको प्रस्तुतीकरण	२ घण्टा	प्रस्तुतीकरण तथा छलफल
तेस्रो	नक्शांकन ● तत्कालित अवस्था र हालको अवस्था झल्किने गरी गाविसको खानेपानी तथा सरसफाइको वस्तुस्थितिको नक्शा ● ंकन ● गाविसस्तरीय तथ्यांक संकलन	२ घण्टा	सहभागितात्मक नक्शांकन तथा छलफल
चौथो	समापन ● वडास्तरीय कार्यशालाको कार्ययोजना तयारी ● समापन	३० मिनेट	लिखित कार्ययोजना

वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला

परिचय :

गाविसस्तरीय कार्यशाला सम्पन्न भएपछि वडास्तरीय कार्यशाला आयोजना गरिन्छ । उक्त कार्यशालामा वडा नागरिक मञ्चका अतिरिक्त उक्त वडावाट VWASHCC मा प्रतिनिधित्व गर्ने सदस्यहरु अनिवार्य रुपमा सहभागि हुनुपर्दछ । यस कार्यशालामा निम्न वमोजिमका जानकारीहरुलाई विद्यमान वाश योजनामा भएका विवरणहरुसंग तुलना गरी अद्यावधिक गर्ने काम गरिन्छ । जस अन्तर्गत वडाका टोलहरुमा रहेका जातीय समुदाय वमोजिमको घरधुरी विवरण, वडाको खानेपानीको अवस्था थाहा पाउनेको लागि गाविस स्तरीय कार्यशालामा भएको नक्शांकनलाई आधार बनाई छलफल गरिन्छ र वडामा रहेका जम्मा घरधुरी जसमध्ये खानेपानी प्राप्त गरेका घरधुरी, प्राप्त नगरेका घरधुरीहरु स्पष्ट छुट्टीने गरी तथ्यांक संकलन गरिन्छ यसैको मार्फतवाट हरेक टोलहरुको खानेपानीको सुविधास्तर समेत निर्धारण गरिन्छ । साथै वडामा भएका विद्यालयहरुमा भएका शौचालयहरुको अवस्था, तिनको प्रयोग तथा पानीको अवस्था अद्यावधिक गरिन्छ र वडाका घरधुरीमा भएको घरेलु शौचालय, तिनको प्रकार र प्रयोगको अवस्था विष्लेशण गरिन्छ । वडाका जम्मा घरधुरीहरुमध्ये पूर्ण सरसफाइका सूचकहरुको पूर्णताको अवस्था जांच गर्दै विद्यमान खानेपानीका योजनाहरुको वस्तुस्थिति विवरण संकलन गरिन्छ । यसका साथै जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्यूनीकरणका विषयमा जानकारीहरु लिनुका अतिरिक्त हालसम्म सेवा पुग्न नसकेका घरधुरीहरुको लागि सम्भाव्य योजनाहरुको वारेमा छलफल गरी फाराम भर्ने काम गरिन्छ ।

अवधि : एक वडामा १ दिन गरी ९ वडामा ९ दिन

सहभागि : वडा नागरिक मञ्चका सदस्यहरु,

आयोजक : गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति/वडा नागरिक मञ्च

श्रोत व्यक्ति : फिल्ड संयोजक, सव इन्जिनियर वा सहायक सब इन्जिनियर तथा VWASHCC सदस्यहरु

उद्देश्य एवं अपेक्षा :
यस कार्यशाला मार्फत निर्धारित तथ्यांक संकलन फाराम बमोजिम आवश्यक सम्पूर्ण तथ्यांकहरु संकलन गरिन्छ । यसका साथै गाविसस्तरको नक्शांकनवाट देखिन आएका तथ्यांकहरु जांच गरी अन्तिम रुप दिने कार्य समेत यसै कार्यशाला मार्फत गरिन्छ ।

विधि : प्रस्तुतीकरण, छलफल, प्रश्नावलीहरु मार्फत तथ्यांक संकलन

आवश्यक सामाग्रीहरु :

- गाविसको विद्यमान वाश योजना तथा नक्शाहरु
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविस मा सञ्चालन भएका खानेपानी योजनाहरुको विस्तृत विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविस मा सञ्चालन भएका सरसफाइ कार्यक्रमहरुको विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविस मा निर्माण भएका सार्वजनीक तथा संस्थागत शौचालयहरुको विवरण
- पानीका स्रोतहरु मापन गरिएको तथ्यांक
- अन्य नियमित कक्षा सामाग्री एवं सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरु

कार्यशालाका विषयवस्तुहरु

पहिलो दिन			
सत्र	विषयवस्तु	समय	पद्धति
पहिलो	शुभारम्भ ● परिचय, ● उद्देश्य	३० मिनेट	आफै व्याख्यान
दोस्रो	वडाको नक्शांकन गर्ने र खानेपानी तथा सरसफाइ का योजनाहरुको विवरण नक्शामा भर्ने, सेवा पुग्न बांकी रहेको क्षेत्रको लागि विद्यमान वास योजना लाई आधार मानी खानेपानी योजना समेत तर्जुमा गर्ने	१ घण्टा	सहभागितात्मक नक्शांकन विधि जलवायु परिवर्तन तथा जोखिम विपद न्यूनीकरण समेत नक्शांकन गर्ने
तेस्रो	क्रमसंख्या १ देखि ७ सम्मका तथ्यांक फारामहरु माथि छलफल गर्दै भर्ने कार्य गर्ने	३ घण्टा	दुई वा तीन समूह वनाएर विभिन्न तथ्यांकहरु संकलन गर्ने
चौथो	समापन	३० मिनेट	

गाविस स्तरीय योजना तर्जुमा कार्यशाला

परिचय :
सवै वडाहरुको कार्यशाला सम्पन्न भएपछि प्राप्त विवरणहरुको आधारमा सहजकर्ताहरुले तथ्यांकहरुको विष्लेशण गर्दछन् । यसका साथै वडाहरुको योजना सूची तयार गरीसकेपछि यो कार्यशाला आयोजना गरिन्छ । कार्यशालामा योजना तर्जुमाका विभिन्न विषयहरुको प्रस्तुती गर्दै गाविसमा अव गर्नुपर्ने वाश क्रियाकलापहरुको गाविसस्तरको योजनाहरुको क्षेत्रगत तथा समग्र प्राथमीकता सूची तयार गर्ने, उक्त प्राथमीकता वमोजिम एक वर्षे र पांच वर्षे कार्ययोजना समेत तयार गर्ने कार्य हुन्छ । जलवायु परिवर्तन अनुकुलन तथा जोखिम विपद न्यूनिकरणको नक्शांकन गरी योजना तर्जुमा गरिनेछ । यसका साथै यसै कार्यशालामा गाविसस्तरीय पूर्ण सरसफाइको रणनैतिक योजनालाई अन्तिम रुप समेत दिइनेछ ।

अवधि : २ दिन

सहभागि : गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरु, सल्लाहकारहरु तथा गाविसमा सक्रिय राजनैतिक दलका गाविसस्तरीय प्रतिनिधिहरु

आयोजक : गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति/गाउं विकास समिति

श्रोत व्यक्ति : फिल्ड संयोजक, सव इन्जिनियर वा सहायक सब इन्जिनियर तथा गाविस सचिव (अनिवार्य)

उद्देश्य एवं अपेक्षा :
यस कार्यशाला पश्चात गाविसको वाश योजना अद्यावधिक हुनेछ ।

तालीमको विधि : प्रस्तुतीकरण, छलफल, फिल्ड अभ्यास, समूह कार्य

आवश्यक सामाग्रीहरु :

- संकलित तथ्यांकहरुको सारांश
- निर्माण गर्नुपर्ने बांकी योजनाहरुको सारांश
- परियोजना सञ्चालित सवै गाविसहरुको विद्यमान वाश योजना,
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविसहरुमा सञ्चालन भएका खानेपानी योजनाहरुको विस्तृत विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविसहरुमा सञ्चालन भएका सरसफाइ कार्यक्रमहरुको विवरण
- वाश योजना तर्जुमा भएपछिका वर्षहरुमा गाविसहरुमा निर्माण भएका सार्वजनीक तथा संस्थागत शौचालयहरुको विवरण
- पानीका स्रोतहरु मापन गरिएको तथ्यांक
- अन्य नियमित कक्षा सामाग्री एवं सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरु

कार्यशालाका विषयवस्तुहरु

पहिलो दिन			
सत्र	विषयवस्तु	समय	पद्धति
पहिलो	शुभारम्भ ● परिचय, ● उद्देश्य	३० मिनेट	
दोस्रो	गाविसको विद्यमान वाश योजनामा भएको र हालको वस्तुस्थितिको तुलनात्मक प्रस्तुती ● घरसंख्या सम्बन्धी जानकारी ● खानेपानीको अवस्था ● सरसफाइको अवस्था ● योजनाहरुको अवस्था ● सुविधास्तर वर्गीकरण	२ घण्टा	प्रस्तुती व्याख्यान छलफल
तेस्रो	CCA/DRRको वडास्तरीय अवस्थाको प्रस्तुती गाविसको जलवायु परिवर्तन एवं जोखिम विपद न्यूनीकरणको नक्शांकन तथा क्रियकलापहरु तथा रणनीति तयारी	२ घण्टा	नक्शांकन छलफल दस्तावेजीकरण
चौथो	सरसफाइको अवस्था प्रस्तुती पूर्ण सरसफाइ रणनीति तर्जुमा	२ घण्टा	छलफल समूह कार्य दस्तावेजीकरण
दोस्रो दिन			
पहिलो	अघिल्लो दिनको समीक्षा	१ घण्टा	छलफल
दोस्रो	प्रस्तावित खानेपानी योजनाहरुको प्रस्तुतीकरण उक्त योजनाहरुको प्राथमीकीरकण कार्यान्वयन कार्ययोजना तयारी अनुमानित लागत तयारी अनुगमन कार्ययोजना तयारी	४ घण्टा	प्रस्तुतीकरण छलफल दस्तावेजीकरण
तेस्रो	समापन	१ घण्टा	

अद्यावधिक गाविस वाश योजना प्रतिवेदनको विषय सूची

खण्ड एक

परिचय

- पृष्ठभूमि
- उद्देश्य
- विधि
- सिमीतता

खण्ड २

१. गाउं विकास समितिको संक्षिप्त जानकारी
- संक्षिप्त परिचय
- अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन
- क्षेत्रफल तथा भूउपयोग
- जनसंख्या
- वडागत तथा जातीय आधारमा तुलनात्मक घरसंख्या
- शैक्षिक संस्थाहरु
- गा.वि.स.मा उपलब्ध जनशक्तिको तुलनात्मक विवरण
- गा.वि.स.मा विद्यमान सेवामूलक कार्यालयहरु

२. गाविसको खानेपानीको तुलनात्मक अवस्था
- खानेपानीको अवस्था
  - पूर्ण रुपले सेवा प्राप्त घरधुरी
  - सुविधा स्तरोन्नती गर्नुपर्ने घरधुरी
  - सेवावाट बञ्चित घरधुरी
- खानेपानी सुविधास्तरको विवरण
- पानीको गुणस्तर, परिणाम,समय,र विश्वसनियता
- सुविधास्तर वर्गिकरण
- गाउं विकास समिति भित्र रहेका खानेपानीका मुहानहरु
- हाल प्रयोगमा रहेका स्रोतहरु
- पाईप प्रणलिका लागि सम्भावित स्रोतहरु
- लिफ्ट प्रणलिका लागि सम्भावित स्रोतहरु
- मुहान सुधार गरी सुविधास्तर बृद्धि गर्न सकिने स्रोतहरु
- निर्माण सम्पन्न पाईप प्रणालीका खानेपानी योजना
- सम्पन्न खानेपानी आयोजनको भौतिक अवस्था

३. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था
- गाउं विकास समितिको स्वास्थ र सरसफाईको अवस्था
- चर्पीमा पहुाच
- संस्थागत शौचालयको प्रयोगको अवस्था
- घरबाट निस्कने फोहरमैला तथा वस्तुभाउको मलमुत्रको ब्यवस्थापन
- पूर्ण सरसफाइको अवस्था
- खानेपानी र सरसफाई जन्य रोगहरु
- वातावरणिय सरसफाईको अवस्था
- जिल्ला विकास समिति र गाउं विकास समितिको प्रयास

४. गा.वि.सको वाश योजना कार्यान्वन तथा संसोधित कार्ययोजना

ग्राभिटी खानेपानी योजनाहरु

लिफ्ट योजनाहरु

स्रोत सुधार योजनाहरु

योजनाहरु

अनुमानित लागत

सम्भाव्य लगानीका स्रोतहरु

५. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण

विद्यमान अवस्था

तर्जुमा गरिएका क्रियाकलापहरु

गाविसको रणनीति

खण्ड ३. निश्कर्ष तथा भावी कार्यदिशा

निश्कर्ष

भावी कार्यदिशा

वाश योजना अद्यावधिकको अधिकतम लागत

COST BREAKDOWN

SN	Description	Quantity	Unit	Rate	Total
A. Human Resources Cost (if regular staffs are not used)					
1	Field Coordinator	30	days	800.00	24,000.00
2	Sub Engineer/Asst Sub Engineer/WSST	30	days	600.00	18,000.00
3	Transportation L.S per VDC				2,000.00
	Sub Total A				**44,000.00**
B. Support Persons Training Cost (for all VDCs)					**60,200.00**
C. Other Training/Workshop Cost					**-**
1	VDC Level Updading Workshop				7,250.00
2	Ward Level Workshop				16,200.00
3	VDC Level Planning Workshop				21,250.00
	Sub Total C				**44,700.00**
D. Format Photocopy, files, stationeries and miscellenious					**5,000.00**
I. Report Preparation Cost (with master copy printing)					**20,000.00**
	Per VDC Cost (A+C+D+I)				**113,700**
	Cost of Six VDCs				**682,200**
	SPs cost for six VDCs				**60,200**
	Total Cost of the District for Six VDCs				**742,400**

TRAINING, INTERACTION & WORKSHOP COST BREAKDOWN

		No	*days*	*Rate*	*Total*
A	**SPs Training**				
1	Stationaries	12	2	100	2,400
2	Food and Accomodation	12	2.5	800	24,000
3	Classroom materials	Lump sump			5,000
4	Field Trip transportation	Lump sump			10,000
5	Resouce Person (DDC only)	2	2	1,700	6,800
6	DSA and Transp of VDC Sec	6	2	1,000	12,000
	Sub - total				**60,200**
B	**VDC Level Updading Workshop**				
1	Stationaries	35	1	50	1,750
2	Tea, snacks and lunch	35	1	100	3,500
3	Classroom materials	Lump sump			2,000
	Sub - total				**7,250**
C	**Ward Level Workshop**				
1	Tea and Snacks	117	1	100	11,700
2	Classroom materials	Lump sump	9	500	4,500
	Sub - total				**16,200**
D	**VDC Level Planning Workshop**				
1	Stationaries	35	2	50	1,750
2	Tea, snacks and lunch	35	5	100	17,500
3	Classroom materials	Lump sump			2,000
	Sub - total				**21,250**
	Grand Total				**104,900**

खण्ड ख

वाश योजना अद्यावधिक गर्ने प्रश्नावली तथा फारामहरु

फाराम नं. १ : गाविसको समग्र वाश वस्तुस्थिति संकलन फाराम

(यो फाराम गाविसस्तरीय अद्यावधिक कार्यशालामा भएको छलफल तथा निष्कर्शको आधारमा भर्ने)

जिल्ला : ..... गाविस : ..... मिति : .....

क. खानेपानीको अवस्था

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमका घरसंख्या				हालको अवस्था			
		खानेपानी सुविधा प्राप्त	सुविधा स्तरोन्नती गर्नुपर्ने	सुविधा नपुगेका	जम्मा घरसंख्या	खानेपानी सुविधा प्राप्त	सुविधा स्तरोन्नती गर्नुपर्ने	सुविधा नपुगेका	जम्मा घरसंख्या

ख. घरेलु शौचालयको अवस्था:

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमका घरसंख्या				हालको अवस्था			
		पक्की शौचालय भएका	कच्ची शौचालय भएका	शौचालय नभएका	जम्मा घरसंख्या	पक्की शौचालय भएका	कच्ची शौचालय भएका	शौचालय नभएका	जम्मा घरसंख्या

ग. विद्यालय तथा संस्थागत शौचालयको अवस्था (भएकोमा √ चिन्ह लगाउने):

क्र.सं	विद्यालय वा संस्थाको नाम	विद्यमान वाश योजना वमोजिमको संख्या				हालको अवस्था (संख्या)			
		शौचालय भएको	प्रयोगमा रहेको	पानीको सुविधा भएको	लैंगीक मैत्री भएको	शौचालय भएको	प्रयोगमा रहेको	पानीको सुविधा भएको	लैंगीक मैत्री भएको

फारम नं. २ उप स्वास्थ्य चौकी स्तरको तथ्याङ्क

(यो फारम अनुसारको तथ्याङ्क संकलन गर्दा स्वास्थ्य चौकीहरुको आ.व. २०७०/०७१ को वार्षिक प्रतिबेदनको आधारमा लिनुपर्दछ । यो फारम उप स्वास्थ्य चौकीको प्रतिवेदनको ढांचालाई आधार मानी तयार गरिएको छ ।)

	-		-		-		-			

-							

Nutritional and metabolic disorder

	ICD			
	E46			
	E50	Avitaminoses and other nutri deficiency		

जिल्ला : ..... गाविस : ..... मिति : .....

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमको घरसंख्या						हालको घरसंख्या					
		दलित	आदिवासी जनजाती	धार्मिक अल्पसंख्यक	अन्य तराइ पिछडा बर्ग	अन्य	जम्मा	दलित	आदिवासी जनजाती	धार्मिक अल्पसंख्यक	अन्य तराइ पिछडा बर्ग	अन्य	जम्मा

जिल्ला : ..... गाविस : ..... मिति : .....

वडा नं.	टोलको नाम	विद्यमान वाश योजना वमोजिमको घरसंख्या								हालको घरसंख्या							
		पाइप धारा	सुधारिएको कुवा	नसुधारिएको कुवा	मूल, पंधेरा	खोला खोल्सी	वर्षातको पानी	पोखरी	जम्मा	पाइप धारा	सुधारिए को कुवा	नसुधारिए को कुवा	मूल, पंधेरा	खोला खोल्सी	वर्षातको पानी	पोखरी	अन्य

जिल्ला : ..... गाविस : ..... मिति : .....

वडा नं.	टोलको नाम	पानी थाप्ने स्थान	हालको अवस्था (१ देखि ४ सम्म अवस्था अनुसार लेख्ने)					
			जम्मा घरसंख्या	गुणस्तर	परिमाण	समय	विश्वसनीयता	सुविधास्तर

फाराम नं. ५ भर्नका लागि निर्देशिका

१. फाराम नं. ५ भर्दा हरेक वडाका टोलहरुको पानी भर्ने स्थान जस्तै धारा भए धारा नं. वा कुवा भए कुवाको नाम वा खोला भए खोलाको नाम आदिको आधारमा भर्नुपर्दछ ।
२.सुविधास्तरको लागि अंक दिदा निम्न अनुसार गर्ने:

–				
–				
–				
–				

-
-
- Filteration Treatment
-
-
- (Sedimentation Tank)
-
-

-
-
-
-

$$H = 0 \times L_1 + 1 \times L_2 + 2 \times L_3 + 3 \times L_4$$

H

L_1 %

L_2 %

L_3 %

L_4 %

जिल्ला : ..... गाविस : ..... मिति : .....

वडा नं.	टोलको नाम	घरसंख्या							
		सबै घरपरिवारले चर्पीको नियमित प्रयोग गर्ने	महत्वपूर्ण अवस्थामा साबुन पानीले हात धुने	घरायसी तहमा पिउने पानी शुद्धिकरण गरी पिउने	व्यक्तिगत सरसफाइ कायम गर्ने	घरभित्र तथा बाहिरका ठोस फोहर मैला खाडलमा फाल्ने	खेर गएको पानीको उचित व्यवस्थापन गर्ने	भांडा सुकाउने चांग भएका	धुंवा रहित चुल्हो भएका (गोवर ग्यांस, प्राकृतिक ग्यांस वा अन्य समेत)

.....

.....

			(Gravity/RWH/PSI/Lifting, Others/OHT)			

....

			(Gravity/RWH/PSI/Lifting, Others/OHT)			

Intake					
IC					
RVT					
DC					

BPT					
Tap					
Other					

/						

/

?		

WSP ?		
WSP ?		
?		

/		
RVT		
RVT		

			(Gravity/RWH/PSI/Lifting, OHT, tubewell)			

VWASH Plan

			- - - -	

			Gravity/RWH/ Lifting/PSI Hydrolic Ram Pump			

हरेक प्रस्तावित योजनाको लागि एउटा फाराम भर्ने

			Gravity/RWH/ Lifting/PSI Hydrolic Ram Pump			

/		
RVT		

		(WASH in Emergencies)